नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

मध्य बानेश्वर, काठमाडौं, नेपाल

पो.ब.नं. १४३६४, फोन नं. +९७७-१४४९८०१३/१४४९८०१४,

इमेल: info@aepc.gov.np


## आ.व. २०७९/८० मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने जैविक ऊर्जा प्रणालीहरु सम्बन्धी विभिन्न कार्यक्रमहरुको लागि माग संकलन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७९।०५।२०

निवेदन बुझाउने अन्तिम मिति : २०७९।०६।०९ (कार्यालय समय भित्र)

यस केन्द्रले चालु आ.व. २०७९/८० मा जैविक ऊर्जामा आधारित तपसिलमा उल्लेखित विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। सोका लागि इच्छुक सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

| क्र. सं. | कार्यक्रमको विवरण | माग फाराम साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू |
|---|---|---|
| १ | हिमाली र उच्च पहाडी जिल्लाहरुमा खाना पकाउन तथा कोठा तताउन लागत साझेदारीमा* दुई/तीन मुखे फलामे सुधारिएको चुलो प्रवर्द्धन कार्यक्रम लागि इच्छुक स्थानीय तहहरुबाट माग संकलन।<br>* लागत साझेदारीमा हिमाली र उच्च पहाडी जिल्लाहरुमा खाना पकाउन तथा कोठा तताउनका लागि फलामे चुलो जडान खर्च बापत लाग्ने कुल लागतको कम्तीमा १० प्रतिशत उपभोक्ताको, कम्तीमा २० प्रतिशत स्थानिय तहको र बाँकी केन्द्रको लगानी रहने। | १. सम्बन्धित स्थानीय तहको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र।<br>२. विस्तृत माग फारम (ढाँचा केन्द्रको वेवसाइट बाट प्राप्त गर्न सकिने) |
| २ | लागत साझेदारीमा *स्वच्छ ऊर्जा कार्यक्रम अन्तर्गत विद्युतीय चुलोका* प्रवर्द्धन कार्यक्रम लागि इच्छुक स्थानीय तहहरुबाट माग संकलन।<br>* लागत साझेदारीमा विद्युतीय चुलोका लागि चाहिने भाँडाकुडाँ बापत कुल लागतको कम्तीमा १० प्रतिशत उपभोक्ताको कम्तीमा २० प्रतिशत स्थानिय तहको र बाँकी केन्द्रको लगानी रहने। | १. सम्बन्धित स्थानीय तहको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र।<br>२. भरिएको विस्तृत माग फारम ढाँचा (केन्द्रको वेवसाइट बाट प्राप्त गर्न सकिने) |
| ३ | काठमाण्डौ बाहिरबाट उपत्यका आई घरभाडामा लिई स्नातक वा सो भन्दा माथिल्लो तहमा अध्ययनरत विद्यार्थीहरुलाई विद्युतीय चुलोको* प्रवर्द्धन कार्यक्रमका लागि इच्छुक विद्यार्थीहरुबाट माग संकलन।<br>* विद्युतीय चुलोमा प्रयोग हुने भाँडाकुडाँहरु विद्यार्थी स्वयमले व्यवस्थापन गर्नुपर्ने तथा विद्युतीय चुलोको लागतको व्यवस्था गर्ने जिम्मा केन्द्रको हुने। | १. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,<br>२. शिक्षण संस्थाको सिफारिस र विद्यार्थी परिचयपत्र प्रतिलिपि। |
| ४ | केन्द्रको अनुदान सहयोगमा *संस्थागत तथा सामुदायिक वायोग्यास प्लाण्ट जडान गर्न इच्छुक संस्थाहरुबाट माग संकलन।<br>* उपलब्ध हुने अनुदान नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ बमोजिम हुने। | १. सम्बन्धित संस्थाको लागत सहभागिता अन्तर्गत व्यहोर्न सक्ने बजेट सोको प्रतिवद्धता सहितको पत्र,<br>२. भरिएको विस्तृत माग फारम ढाँचा (केन्द्रको वेवसाइट बाट प्राप्त गर्न सकिने) |

यस कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी यस केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ।